# Alternative Energy Promotion Center

Annex 1

## लघु तथा साना जलविद्युत आयोजना पुन:स्थापना गर्नको लागि अनुदान प्राप्त गर्न आवश्यक प्रक्रिया

नेपाल सरकारको सहयोगमा सम्पन्न भएका लघु तथा साना जलविद्युत आयोजनाहरुको पुन:स्थापनाको लागि अनुदान प्राप्त गर्न नवीकरणीय ऊर्जा अनुदान नीति २०६९ तथा नविकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० अनुसार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा आवश्यक कागजातहरु पेश गर्नुपर्ने छ ।

### अनुदानको व्यवस्था :

दैवि प्रकोपद्वारा क्षति भएका साना तथा लघु जलविद्युत आयोजनाहरुको पुन:स्थापनाको लागि अनुदान रकम उपलब्ध गराइनेछ । तर पुन:स्थापना अनुदान रकम क्षतिको प्रकृति हेरी :

(क) भौतिक संरचनाहरुको सामान्य क्षतिको लागि प्रति किलोवाट रु. १०,००० वा प्रति आयोजनामा रु. २००,००० सम्म, र

(ख) विद्युत गृहका उपकरण लगायतको ठूलो क्षति तथा नेपाल सरकारको आर्थिक सहयोगमा निर्मित पुराना साना तथा लघु जलविद्युत आयोजनाहरुको लागि प्रति किलोवाट रु. ५०,००० वा प्रति आयोजनामा रु. १०,००,००० सम्म ।

### अनुदानका लागि आवश्यक शर्तहरु :

(१) आयोजनाको क्षमता १० किलोवाट भन्दा बढी हुनुपर्नेछ ।

(२) आयोजना परिक्षण सञ्चालन भएको मितिले १० वर्षभन्दा पुरानो हुनुपर्ने छ ।

(३) प्राकृतिक विपत्तिबाट नोक्शानी भएका आयोजनाहरुको हकमा १० वर्षे सिमा लागु हुने छैन । अर्थात यस्ता आयोजनाहरु पुन:स्थापनाको लागि योग्य हुनेछन् ।

(४) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा निर्मित आयोजना तथा नेपाल विद्युत प्राधिकरणले पूर्ण रुपमा उपभोक्ता समुहहरुलाई हस्तान्तरण गरेका आयोजना मात्र अनुदानको लागि योग्य मानिने छन् ।

(५) यसरी माथि उल्लेखित बुँदाहरुको आधारमा योग्य आयोजनाहरुको निवेदन प्राप्त भइसकेपछि केन्द्रले जि.वि.स.: जिल्ला ऊर्जा वातावरण शाखा/क्षेत्रीय सेवा केन्द्र मार्फत वा केन्द्रले आफै समिति, उपसमिति गठन गरी वा कुनै परामर्शदाता नियुक्त गरी सामान्य क्षति वा ठुलो क्षतिको निर्क्यौल गरिनेछ ।

(६) योग्य आयोजनाहरु सम्बन्धित जि.वि.स. बाट समेत सिफारिस भएको हुनुपर्नेछ ।

(७) जि.वि.स.: जिल्ला ऊर्जा वातावरण शाखा/क्षेत्रीय सेवा केन्द्र, समिति, उपसमिति वा परामर्शदाताले योग्य आयोजनाहरुको सामान्य वा ठुलो क्षति निर्क्यौल गरी लागत इष्टिमेट सहित प्रतिवेदन यस केन्द्रमा पेश गर्नुपर्नेछ ।

### अनुदानका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

(१) सामान्य क्षति भएको र उपभोक्ता समिति आफैले पुन:स्थापना गर्नु पर्ने भएमा देहाय वमोजिमका कागजात पेश गर्नु पर्नेछ :

१.१ उपभोक्ता समितिको जनसहभागिता गर्ने निर्णयको प्रतिलिपि,

१.२ अनुदान बाहेकको रकम जुटाएको प्रमाण,

१.३ पुन:स्थापना कार्य सम्पन्न गर्ने कार्य तालिका,

१.४ कुन संस्थाको सहयोगमा बनेको भन्ने एकिन भएको जिविसको सिफारिस,

१.५ गाउँ विकास समितिको सिफारिस,

१.६ आयोजनाको क्षमता र सम्पन्न भएको मिति उल्लेखित कागजात,

१.७ जिल्ला ऊर्जा वातावरण शाखा/क्षेत्रीय सेवा केन्द्र मार्फत तयार पारिएको सामान्य क्षतिको लागत प्रतिवेदन,

१.८ बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा निर्दिष्ट अनुदान माग फाराम, र

१.९ आयोजनाको नाममा रहेको बैंक खाताको विवरण

(२) ठूलो क्षति भएका तथा जडान कर्ता कम्पनी मार्फत पुनःस्थापना गर्नु पर्ने भएमा :

२.१ उपभोक्ता समितिको जनसहभागिता गर्ने निर्णयको प्रतिलिपि,

२.२ अनुदान बाहेकको रकम जुटाएको प्रमाण,

२.३ बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा मान्यता प्राप्त जडान कम्पनी मध्येबाट कम्तीमा तीन वटा कोटेशन सहित सबैभन्दा कम रकम कबोल गर्नेसँग गरिएको संझौता पत्र र टर्वाइन तथा जेनेरेटर जस्ता उपकरणको स्पेशिफिकेशन,

२.४ पुनःस्थापना कार्य सम्पन्न गर्ने कार्य तालिका,

२.५ कुन संस्थाको सहयोगमा बनेको भन्ने एकिन भएको जिविसको सिफारिस,

२.६ जिल्ला दैवी प्रकोप समितिको सिफारिस,

२.७ आयोजनाको क्षमता र सम्पन्न भएको मिति उल्लेखित कागजात,

२.८) बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा छनौट गरिएका स्वतन्त्र परामर्शदाता मार्फत तयार पारिएको ठूलो क्षतिको लागत प्रतिवेदन,

२.९ बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्धारा निर्दिष्ट अनुदान माग फाराम, र

२.१० आयोजनाको नाममा रहेको बैंक खाताको विवरण

(३) अनुदान माग सहित प्राप्त बुँदा नं (१) वा (२) अनुसारको प्रतिवेदन प्राविधिक मूल्यांकन समितिमा पेश गरिनेछ ।

(४) बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पुनःस्थानपना गर्न योग्य ठानेमा केन्द्रिय नवीकरणीय ऊर्जा कोषलाई अनुदान स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

(५) केन्द्रिय नवीकरणीय ऊर्जा कोषले बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिस सहित प्राप्त अनुदान माग गरिएका कागजातहरुको अन्तिम जाचबुझ गरी योग्य पाएमा अनुदान स्वीकृत गर्नेछ ।

**अनुदान भुक्तानी प्रक्रिया :**

केन्द्रिय नवीकरणीय ऊर्जा कोषले अनुदान स्वीकृत गरे पश्चात देहाए बमोजिम दुई किस्तामा अनुदानको भुक्तानी गर्नेछ :

(१) पहिलो किस्ता :

अनुदान स्वीकृत भए पश्चात केन्द्रिय नवीकरणीय ऊर्जा कोषले स्वीकृत अनुदान रकमको ५० प्रतिशत रकम आयोजनाको बैंक खातामा भुक्तानी गर्नेछ ।

(२) दोश्रो किस्ता :

बाँकी रहेको ५० प्रतिशत अनुदान रकम पुनःस्थापना कार्य संपन्न भएको प्रतिबेदन संबन्धित जिल्ला ऊर्जा वातावरण शाखा/क्षेत्रीय सेवा केन्द्र मार्फत बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले स्वीकृत गरी अन्तिम किस्ता रकम भुक्तानीको सिफारिसको आधारमा केन्द्रिय नवीकरणीय ऊर्जा कोषले आयोजनाको बैंक खातामा भुक्तानी गर्नेछ ।